# धरौटी तथा अन्य कोष खाताको रकम सदरस्याहा गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०१/२६**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८१/०८२ सम्म विभिन्न प्रयोजनमा कट्टी भएको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ६८ तथा प्रचलित कानुनबमोजिम सदरस्याहा गर्नुपर्ने भएकाले यस कार्यालयमा धरौटी जम्मा गरेका व्यक्ति, सङ्घ संस्थाहरू र अन्य कोषहरूको हकमा जिल्ला एड्स समन्वय समिति अ. को. के., जिल्ला उर्जा कोष पर्वत र जिल्ला समन्वय समिति जि. बा. उ. ती. जे.पी. नामको ने. बै. लि. कुश्मा स्थित खाताहरूमा कारोवार भएको हुँदा सम्बन्धित व्यक्ति, सङ्घ संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रमाण सहित रकम दावीको लागि निवेदन दिनुहुन अनुरोध छ । अन्यथा प्रचलित कानुनबमोजिम राजस्व दाखिला गरिने व्यहोरा जानकारी गराइन्छ । विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**जिल्ला समन्वय समितिको कार्यालय**

**कुश्मा, पर्वत (०७६-४२०५३०)**